गोलन्जोर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड २ संख्या १ मितिः२०७५/१२/१४

**भाग-२**

**गोलन्जोर गाउँपालिका**

**गोलन्जोर गाँउपालिको**

**गाउँपालिका गाउँपालिकाको प्रहरी सेवा संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि , २०७५**

## कार्यापालिकावाट पारित मितिः२०७५/१२/१४

,गोलन्जोर गाँउपालिको

गाउँपालिकाको प्रहरी सेवा संचालन तथा व्यवस्थापन सम्बन्धि  कार्यविधि , २०७५

## गाउँपालिका प्रहरी सेवा संचालन तथा व्यवस्थापन सम्बन्धि  कार्यविधि , २०७५

**प्रस्तावना**

नेपालिको संविधान २०७२ को अनुसूचि ८ को क्र सं १ र स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छे ३ को दफा ११ को (क)अधिकार प्रयोग गरि यस गाउँपालिकाले  क्षेत्रगतमा स्थानिय सुरक्षा व्यवस्थापन संचालन सम्बन्धि कार्यविधि जारी गर्न बान्छनिय भएकोले गोलन्जोर गाउँपालिकाको गाउँपालिका प्रहरी सेवा संचालन तथा व्यवस्थापन सम्बन्धि  कार्यविधि,२०७५ जारी गर्न बान्छनिय भएकोले यो कार्यविधि जारी गरिएको हो ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम गोलन्जोर गाउँपालिकाको " गाउँपालिका प्रहरी सेवा संचालन तथा व्यवस्थापन सम्बन्धि  कार्यविधि , २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) गाउँ सभा भन्नाले गोलन्जोर गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(ख) कार्यपालिका भन्नाले गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकालाई जनाउदछ ।

(ग) अध्यक्ष भन्नाले गाउँपालिका अध्यक्षलाई जनाउदछ ।

(घ) "कार्यविधि " भन्नाले गाउँपालिका प्रहरी सेवा संचालन तथा व्यवस्थापन सम्बन्धि  कार्यविध २०७५ भनिने छ ।

(ङ) "स्थानीय तह" भन्नाले गोलन्जोर गाउँपालिकालाई सम्झनु पर्दछ ।

(च) "वडा कार्यालय" भन्नाले गोलन्जोर गाउँपालिका अन्तर्गत वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

(छ) " कार्यालय भन्नाले" गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ज) प्रमुख प्रशासकीय अधिकृत भन्नाले गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## गाउँपालिका प्रहरीको गठन परिचालन सम्बन्धि व्यवस्था

(३) नगर प्रहरी गठन भन्नाले: नेपालको संविधान २०७२ को अनुसूचि ८ को क्र सं १ र स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को (क) मा भएको व्यवस्था बमोजिम यस गाउँपालिकाको बजेट नीति तथा कार्यक्रम कार्यान्वयन तथा गाउँपालिकाको सम्पती संरक्षण तथा सुरक्षा प्रदान गर्न गठन गरिएको प्रहरीलाई जनाउद छ ।

(क) यस गाउँपालिकाकको स्थानिय स्थानिय सुरक्षा व्यवस्थापन संचालन र परिचालन गर्ने कार्यमा खटनु पर्ने छ ।

(ख)स्थानिय सुरक्षा योजना विकासका योजना सामाजिक सुरक्षा योजना मठ मन्दिर जात्रा पर्वको लगाएत स्थानिय तहको सम्पती संरक्षण आन्तरिक आयको प्रभावकारी रुपमा संकलन र कार्यान्वयनमा गाउँपालिका प्रहरी परिचालन हुने छ ।

(ग) गाउँपालिका प्रहरीले यस गाउँपालिकाको पदाधिकारीहरु तथा कर्मचारीहरुको सुरक्षा प्रदान गर्नू पर्ने छ ।

(घ) गाउँपालिका प्रहरीको परिचालन यस गाउँपालिका पदाधिकारी,गाउँ कार्यपालिकाको कार्यालय वडा कार्यालय तथा गाउँ कार्यपालिकाको कार्यालयले दिएको आदेश निर्देशन बमोजिम हुने छ । यो सुरक्षा निकायले सदैव गाउँपालिकाको हित अनुकुल कार्य सम्पादन गर्नु पर्ने छ ।

(ङ) स्थानिय स्तरमा हुने सभा सम्मेलनको व्यवस्थापन र सुरक्षा प्रदान गर्ने ।

(च)स्थानिय बजार तथा पार्किङ्ग स्थल रेखदेख र व्यवस्थाप गर्ने ।

(छ) गाउँपालिकाले पास गरेको शहरी विकास सरसफाई सम्बन्धि मापदण्ड कार्यान्वयन गराउने ।

(ज) न्यायीक समितिको मिलापत्र तथा निर्णयको कार्यान्वयन गराउँने ।

(झ) सार्बजनिक ऐलानी र पर्ती जग्गा सार्वजनिक भवन सम्पदा भौतिक पुर्वाधारको सुरक्षा एवं संरक्षण गर्ने ।

(ञ)गाउँपालिका क्षेत्रमा भएको विपद् व्यवस्थापनको लागि खोजी उद्धार राहत तथा पुनःस्थापना कार्यमा सहयोग गर्ने ।

(ट) अनधिकृत होर्डिङ्ग बोर्ड विज्ञापन भएको भए सो को नियन्त्रण गर्ने ।

(ठ) छाडा चौपाय पशु तथा पंछी नियन्त्रण गर्ने ।

(ड) अनधिकृत निर्माण भएका भवन तथा सार्वजनिक जग्गा अतिक्रमण नियन्त्रण रोकथाम गर्ने ।

(ढ) कार्यपालिका र गाउँपालिका सचिवालयले समय समयमा दिएको आदेश निर्देशन बमोजिम अन्य कार्य गर्ने गराउने दायित्व यस गाउँपालिकामा गठन भएको गाउँपालिका प्रहरीको हुनेछ ।

## परिच्छद-३

## दरबन्दि सृजना तथा पदपुर्ती

### ४ यस गाउँपालिकामा गठन भएको गाउँपालिका प्रहरीको दरवन्दि सृजना तथा पदपुर्ति सम्बन्धि व्यवस्था

(क) गाउँ कार्यपालिकाको सुरक्षा योजना अनुसार गाउँपालिकाको कार्यालयले तयार गरेको संगठन संरचना कार्यविवरण तथा कार्य विशिष्टिकरणको आधारमा गाउँ सभाबाट दरबन्दि सृजना भएपछि पदपुर्ती सम्बन्धि अन्य प्रकृया गाउँ कार्यपालिकाको कार्यालयले गर्ने छ ।

(ख) गाउँपालिकामा गाउँ कार्यपालिकाले तयार गरेको संगठन संरचना अनुसार दरबन्दि तह तथा पद गाउँ सभाबाट स्वीकृत भएपछि कार्यान्वयन गरिने छ ।

(ग ) गाउँपालिका प्रहरीमा निम्न पद तथा तह रहने छ । जुन पद तथा तह गाउँ सभाबाट स्वीकृती भएपछी मात्र कार्यान्वयन हुने छ । जुन पद तथा तह तपशिल बमोजिम हुने छ ।

गाउँपालिका प्रहरी सिपाई — सहायक स्तर दोश्रो तह
गाउँपालिका प्रहरी हवल्दार- सहायक स्तर तेश्रो तह
गाउँपालिका अ. स. ई. — सहायक स्तर चौथो तह
गाउँपालिका स .ई. — सहायक स्तर पाचौ तह

(घ )अन्य पदपुर्ति सम्बन्धि मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुने छ ।

## परिच्छद-४

## सुरक्षा योजना सम्बन्धि व्यवस्था

५ गाउँपालिकाको आन्तरिक सुरक्षा योजना यस गाउँपालिका गाउँ कार्यपालिकाले निर्णय गरेबमोजिम हुने छ ।

(क) गाउँपालिकाको सुरक्षा सम्बन्धि मापदण्ड नीति र कार्य योजनाको प्रारुप गाउँ कार्यपालिकाको निर्णयानुसार कार्यपालिकाको कार्यालयले निर्माण गर्ने छ ।

(ख)गाउँपालिका क्षेत्रमा भएको क्षेत्रगत विकास कानुन  नीति मापदण्ड आचार सहिता निर्देशिका परिपत्रहरुको पालना तथा कार्यान्वयन गराउने ।

(ग) सुरक्षा सम्बन्धि कार्यपालिकाले तयार गरेको योजना कार्यान्वयन गर्ने गराउने ।

(घ ) अन्य व्यवस्था स्थानिय तहको सुरक्षा सम्बन्धि प्रचलित कानुन बमोजिम हुने छ ।

## परिच्छद-४

## दण्ड तथा  सजाय सम्बन्धि व्यवस्था

(क) यस कार्यविधिको बर्खिलाप गर्ने आलटाल अटेर गर्ने व्यक्तिलाई गाउँपालिकाको न्यायीक समितिमा वडा अध्यक्षको रोहवरमा मुचुल्का बनाई स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४७ बमोजिमका  मुद्धा भएमा यस गाउँपालिकाको न्यायीक समितिमा मुद्धा दायर गर्न सक्ने छ ।
(ख) स्थानी सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ को न्याय सम्बन्धि व्यवस्था र नेपालको संविधान २१७ यस गाउँपालिकाको न्यायीक समिति मार्फत यस गाउँपालिकाले तपशिलको दण्ड सजाय तथा सरसफाई तथा विपद् क्षेत्रका कार्यक्रम र न्यायीक समितिबाट सम्पादन भएको काममा र नगर प्रहरी सेवा संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ मा भएको व्यवस्थाका तपशिलका विषयहरुको कार्यन्वयन गर्दा तपशिल बमोजिम दण्ड तथा जरिवाना हुने छ ।

(ग) गाउँपालिका क्षेत्रका  सडकमा फोहर मैला फ्याकेमा तथा अटेर गरेमा पहिलो पटक रु ५०। दोश्रो पटक रु १००। र तेश्रो पटक रु ५००। सम्म जरिवाना रसिद काटी गाउँपालिकालाई जरिवाना तिर्नु पर्ने छ ।

(ग) आर्थिक ऐन  मा भएको व्यवस्था कार्यान्वयनमा अवरोध गरेमा गाउँपालिका प्रहरीले  नियन्त्रण गर्ने गाउँपालिका प्रहरीबाट सम्भव नभएमा नजिकको सुरक्षा निकायको सहयोगको लागि गाउँपालिकाले अनुरोध गरि त्यस्ता अबरोध तथा समस्याको कार्यान्वयन गर्ने आर्थिक ऐनमा भएका व्यवस्थालाई आलटाल वा वेवास्था गरेमा गाउँपालिका प्रहरीले प्रथम पटक रु १०००।दोश्रो पटक रु २०००। र तेश्रो पटक रु ५०००। सम्म जरिवाना गरिने छ ।सो प्रावधान पनी अटेर गरेमा वा आलटाल गरेमा न्यायीक समिति मार्फत पुर्जी जारी गरि मुद्धा दायर गरि कानुनी कारवाहि गर्ने यस निकायबाट पनि कार्वाहि तथा किनारा नभएमा सम्बन्धित अदालत समक्ष आवश्यक सिफारिस सहित माथिल्लो निकायमा पेश गर्ने  ।

(घ) गाउँपालिका क्षेत्रमा छाडा गाई भैसी चौपाय र पंछी  बस्तु छोडेमा  अधिकतम प्ररु १००। दोश्रो पटक रु ५०० र अन्तिम पटक रु  ३०००। सम्म जरिवाना गरिने छ ।

(ङ) सडक क्षेत्रमा ढुङ्गा वालुवा र गिट्टी लगायतका निर्माण सामाग्री राखेमा गाउँपालिका प्रहरीले प्रथम पटक रु ५००। दोश्रो पटक रु १०००। तेश्रो पटक रु ५०००। सम्म जरिवाना गर्न सक्ने छ ।

(च) गाउँपालिका क्षेत्रमा अनधिकृत रुपमा सुचना मुलक विज्ञापन विना स्वीकृती राखेमा गाउँपालिका प्रहरीले प्रथम पटक रु १०००। दोश्रो पटक रु ३०००। र तेश्रो पटक रु ५०००।जरिवाना गरि जरिवाना तिर्न आनाकानी गरेमा यस गाउँपालिकाको न्यायीक समितिमा मुद्धा दायर गरि असुल उपर गरिने छ ।

(छ)यस गाउँपालिकाको न्यायीक समिति मार्फत भएका देवानी प्रकृतीका मुद्धामा भएको आदेश फैसला कार्यान्वयन गर्न नमानेमा वा अटेर गरेमा विगो अनुसार गाउँपालिकाले रु १०००। देखि रु ५०००। सम्म जरिवाना गर्ने छ ।

(ज) गाउँपालिका क्षेत्रमा भएका  आ-आफ्नो होटल वा पसलबाट  निश्किएको फोहोर आफैले व्यवस्थापन गर्नु पर्ने नगरेमा प्रथम पटक रु ५०-१०० दोश्रो पटक रु १००-२०० । र तेश्रो पटक ५००। सम्म जरिवाना गर्ने सक्ने छ ।

(झ) गाउँपालिका प्रहरीले दिएको सूचना आलटाल वा वेवास्ता वा अटेर गरेमा गाउँपालिकाले प्रथम पटक रु २००।दोश्रो पटक रु ५००। र तेश्रो पटक  रु १०००। सम्म जरिवाना वा मुद्धा दाय दुबै सजाय गर्न सक्ने छ ।

(ञ) वन तथा वातावरण क्षेत्रको संरक्षण र संम्बर्धन गर्ने शिलशिलामा सार्वजनिक पर्ति जग्गामा भएको माटो वा रुख विरुवा खनेमा वा नष्ट गरेमा वा अपचलन गरेमा गाउँपालिकाले प्रथम पटक रु १०००। दोश्रो पटक रु ५०००।र तश्रो पटक रु १००००। सम्म जरिवाना लिन सक्ने छ र उक्त जरिवाना तिर्न अटेर गरेमा न्यायीक समितिमा मुद्धा दायर गरि असुल उपर गरिने छ ।

(ट) सडक  क्षेत्रमा पसल टहरा ठेलागाडा राखि व्यापार गरि सडकको आवागमनमा बाधा अबरोध भएमा वा गरेमा गाउँपालिकाले प्रथम पटक रु १०००। दोश्रो पटक १५००।र तेश्रो पटक

२५००।  सम्म जरिवाना गरिने छ । तिर्न अटेर गरेमा न्यायीक समितिमा मुद्धा दायर गरि असुल उपर गरिने छ ।

(ठ) गाउँपालिकाले आफ्नो क्षेत्रमा संचालन गरेको क्षेत्रगत विकास वातावरण जलावायु प्रकोप गाउँपालिकाको सुरक्षा लगाएतका विषयमा अवरोध भएमा वा सृजन गर्ने व्यक्ति तथा समुदायलाई प्रचलित कानुन बमोजिम  फौजदारी अभियोगमा कार्बाहिको लागि न्यायीक समितिले सिफारिस गर्ने र सो सिफारिस कार्यान्वयनको लागि गाउँपालिका प्रहरीद्धारा सहयोग गर्ने छ ।

(ड) यस गाउँपालिकाको न्यायीक समितिबाट भएको निर्णयलाई कार्यान्वयन गर्ने गराउँने सम्बन्धमा न्यायीक समितिको आदेश र निर्देशन पालना गर्नु पर्ने छ । ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत